# नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### योजना तथा अनुगमन शाखा

फो.नं.
४२०००००
४२००२८६
सिंहदरबार काठमाण्डौं


प.सं.०७४/७५
च.नं. ४४२

मिति :- २०७५/०१/२५

विषय :- *पाठ्यपुस्तकको रकम निकासा तथा वितरण अनुगमन सम्वन्धमा ।*

श्री महानगर/उपमहानगर/नगरपालिकाको कार्यालय, सवै
श्री गाउँपालिकाको कार्यालय, सवै ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४४७ मिति २०७५/०१/१४ को पत्र यसैसाथ संलग्न छ । सो पत्रको व्यहोरा अवगत गर्नु भै शैक्षिक सत्र २०७५ मा सवै स्थानीय तहहरुले भर्ना अभियानभित्रै सवै विद्यार्थीहरुको हात हातमा पाठ्यपुस्तक पुरयाउने गरी आवश्यक व्यवस्थापन गर्नुहुनको लागि मिति २०७५/०१/२६ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

(केशवराज सुवेदी)
**शाखा अधिकृत**

**वोधार्थ :-**
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:
मन्त्रालयको Web Site मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७५।०१।१४

विषयः पाठ्यपुस्तकको रकम निकासा तथा वितरण अनुगमन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

शैक्षिक सत्र २०७५ का लागि निःशुल्क पाठ्यपुस्तक वापतको अनुदान रकम वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा गएको, स्थानीय तहहरुबाटै सम्बन्धित विद्यालयहरुको खातामा निकासा दिने तथा विद्यार्थीहरुले भर्ना अवधिभित्रै सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने जिम्मेवारी समेत स्थानीय तहको नै भएको देखिन्छ । यसै सन्दर्भमा पाठ्यपुस्तक मुद्रण गर्ने जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सरकारबाट पाठ्यपुस्तक छपाइ गर्न अनुमति पाएका निजी मुद्रक, शिक्षा विकास तथा समन्वय इकाइका केहि कर्मचारी र पाठ्यपुस्तक बिक्रेताका प्रतिनिधिको भनाइ अनुसार "सबै जिल्लाका बिक्री केन्द्रहरुमा पर्याप्त पाठ्यपुस्तक पुर्‍याइ सक्दा पनि केही स्थानीय तहका विद्यालयहरुले पाठ्यपुस्तक समयमै खरिद गर्न चासो नदेखाएको, तराइ तथा पहाडका केही स्थानीय तहहरुले यस वापतको अनुदान रकम विद्यालयको खातामा हालसम्म पनि निकासा नगरेको, कतिपय स्थानीय तहहरुले संस्थागत विद्यालयहरु (Boarding) ले प्रयोग गर्ने थप पाठ्य सामाग्रीको रुपमा स्वीकृत पुस्तक प्रयोग गर्ने भन्ने बिचमा आएर गरिएको निर्णयले गर्दा पाठ्यपुस्तक स्टक रहने अवस्था आएको, कतिपय स्थानीय तहहरुमा कक्षा १ देखि ५ सम्मका सबै कक्षामा रङ्गीन पाठ्यपुस्तक प्रयोग गर्नु पर्नेमा श्यामस्वेत पुरानो पाठ्यपुस्तक पुगेको भन्ने जानकारी आएको, स्थानीय तह आफुले रकम निकासा गरे पछि त्यस बमोजिम विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सन्दर्भमा अनुगमन नहुँदा भर्ना अभियान अवधि भित्रै पुरा सेटमा नयाँ पाठ्यपुस्तक सबै विद्यार्थीको हातमा पुर्‍याउने सरकारको लक्ष्यमा समस्या उत्पन्न भएको" भन्ने जानकारीहरु प्राप्त भएका छन । यसै विषयलाई लिएर विभिन्न पत्रपत्रिका, सञ्चार माध्यमबाट समेत पाठ्यपुस्तक केहि स्थानमा उपलब्ध हुन नसकेको विषयमा समाचार आउन थालेकोले समयमै निकासा गर्न र यस बारेमा स्थानीय तहबाटै अनुगमन समेत हुन त्यस मन्त्रालय मार्फत पत्राचार हुन त्यहाँ मन्त्रालयमा लेखी पठाउने गरी मिति २०७५।०१।१४ मा निर्णय भएकोले निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

गीता शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा विभाग,
सानोठिमी, भक्तपुर ।